# बोलपत्र द्वारा काठ/दाउरा कटान मुछान तथा घाटगद्दी सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/०९/२९ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/२०८३ मा सव कम्पार्टमेन्ट **C1S1** मा पुनरुत्पादन कटान र पुनरुत्पादन कटान प्लट बाहेक अन्य सव कम्पार्टमेन्टहरुमा रहेका ढलापडा रुखहरु गरी साल, असना, जामुन लगायतका ४४४ गोटा रुखहरु नियमानुसार छपान भई १६३२९.८५ क्यू. फिट काठ र २८.६६ चट्टा दाउरा (कटान पश्चात घटबढ हुन सक्ने) मुल्यांकन भएकोमा उल्लेखित परिमाण घटाघटमा कटान मुछान, संकलन र घाटगद्दी गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम मूल्य अभिवृद्धी करमा दर्ता भइ नविकरण भएका र डिभिजन वन कार्यालयमा सुचिकृत भएका इच्छुक काष्ठ व्यवसायी, व्यक्ती, संघसंस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनमा अपरान्ह १२:०० बजे भित्र सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई अनुरोध छ।

## श्री अशोक सामदायिक वन उपभोक्ता समुह

राप्ती सोनारी-२, कचनापुर, बाँके

मेचीकाली सन्देश
Mechikali Sandesh National Daily

# सम्पादकीय

## कृषि नै समृद्धिको प्रमुख आधार

कृषि नै समृद्धिको प्रमुख आधार हो । तर, विडम्बना कृषि क्षेत्रमा सम्भावना भएर पनि साकार हुन सकिरहेको छैन । जहिल्यै राजनीतिक अस्थिरता र अलमलको मार कृषि क्षेत्रमा परेको छ । स्वदेशमा भविष्य नदेखेर युवा पुस्ता विदेश पलायन हुने, तराई खेतीयोग्य जमिन मासिने र घरघडेरी बन्ने, पहाडमा खेतीयोग्य जमिन बाँझै रहनुको मार कृषि क्षेत्रमा परेको छ । कृषिक्षेत्रमा रहेका सम्भावनालाई साकार पार्न तीनै तहका सरकारको ध्यान जान जरुरी छ । जेनजीहरुलाई पनि कृषिको विकासका बारेमा विशेष चासो राख्ने बनाउनुपर्ने छ ।

मानिस जन्मेपछि जीवनका विभिन्न चरणहरू पार गर्दै सामाजिक क्रियाकलापमा सहभागी हुँदै अघि बढ्छ । मान्छे सामाजिक वातावरणमा सहभागी हुने प्रक्रियाबाट नै शिक्षा विकासको युग सुरु भएको हो । अनेकौं विषयमा विश्लेषण गर्न सक्षम बनाउने, नैतिक मूल्यमान्यता सिकाउने, उपयुक्त दृष्टिकोण बनाउन मद्दत गर्ने र सामाजिक, नैतिकता तथा शिष्टाचार सिकाउने सशक्त, प्रभावकारी माध्यम शिक्षा नै हो । सबैखाले त्रास र संकटबाट समुदायलाई बचाउँदै अगाडि बढ्नुपर्ने छ । 'समृद्ध नेपाल : सुखी नेपाली' को संकल्प साकार पार्ने काममा सबै जुट्नुपर्नेछ । आत्मनिर्भर अर्थतन्त्रका लागि कृषि नै एकमात्र आधार हो । यसलाई आधुनिक, व्यवसायिक र आम्दानीको माध्यम बनाउनुपर्नेछ ।

अब नैतिकता सिकाउने, देशलाई माया गर्न सिकाउने र समृद्धि हासिल गर्न आवश्यक पर्ने जनशक्तिको खाँचो छ । शिक्षा त्यस्तो प्रक्रिया हो जसले व्यक्तिलाई आफ्नो आदर्शअनुरूप निश्चित लक्ष्य हासिल गर्न, ज्ञान उपार्जन गर्न र व्यवहारमा सामयिक परिवर्तन ल्याउनका साथै समायानुकूल समायोजन हुन सहयोग गर्दछ । त्यसैगरी शिक्षा ज्ञानको त्यस्तो सशक्त माध्यम र साधन हो जसले व्यक्ति, समाज र राष्ट्रलाई विकसित र व्यवहारिक बनाउन सहयोग गर्दछ । गुणस्तरीय मानव जीवनका लागि उपयुक्त शिक्षाको खाँचो छ । कृषिपेशालाई गुजाराको माध्यम बनाउनेहरुलाई अब सुधार गर्नुपर्ने छ । सही अर्थमा भन्ने हो भने कृषि नै समृद्धिको आधार हो । यसमा रहेका विद्यमान समस्याको समाधान गर्नुपर्नेछ ।

शिक्षाले व्यक्तिलाई गलत कुराको विरुद्धमा संघर्ष गर्न र असल कुराको पक्षमा निर्धक्कसँग आफ्नो मत प्रकट गर्न सिकाउँछ । शिक्षा भनेको त्यो हो जो वास्तवमा शिक्षण संस्थापछिको जीवनलाई पनि सहज बनाउन सकोस् । शिक्षाको लक्ष्य भनेको देशको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास नै हो । गुणस्तरीय शिक्षाले मानवीय जीवनलाई सुखी र समृद्धितर्फ उन्मुख गराउँदै राष्ट्रलाई आत्मनिर्भर बनाउँछ र राष्ट्रिय पहिचान विस्तार र सुदृढ पार्दछ ।

## गण्डकीमा मातृ स्वास्थ्यमा सुधार

गण्डकी, पुस २८ । नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षणको पछिल्लो प्रतिवेदनअनुसार गण्डकी प्रदेशमा संस्थागत प्रसूतिदर ८९ प्रतिशत छ । जुन राष्ट्रिय औसत ७९ प्रतिशतभन्दा बढी हो । सरकारले सन् २०३० सम्ममा संस्थागत प्रसूतिको दर ९० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । यसअनुसार गण्डकी प्रदेश उक्त लक्ष्यको नजिक रहेको देखिन्छ । दक्ष प्रसूतिकर्मीद्वारा हुने जन्मदर पनि गण्डकी प्रदेशमा ८९ प्रतिशत रहेको प्रदेशको स्वास्थ्य मन्त्रालयले जनाएको छ । दक्ष प्रसूतिकर्मीद्वारा हुने जन्मदरको राष्ट्रिय औसत भने जम्मा ८० प्रतिशत छ । सन् २०३० सम्ममा दक्ष प्रसूतिकर्मीद्वारा हुने जन्मदरलाई पनि ९० प्रतिशत पुर्याउने सरकारको लक्ष्य छ । यस्तै गर्भवती अवस्थामा स्वास्थ्य संस्थामा पुगी चारपटक स्वास्थ्य परीक्षण गराउने गभर्वतीको प्रतिशत गण्डकी प्रदेशमा ८५ रहेको छ, जुन राष्ट्रिय औसत ८१ भन्दा बढी हो । सरकारले सन् २०३० सम्ममा यसलाई पनि ९० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । यी विभिन्न सूचकले गण्डकी प्रदेशमा मातृ स्वास्थ्यको अवस्थामा सुधार देखाएको मन्त्रालयका चिकित्सा सेवा महाशाखा प्रमुख डा.रमेशकुमार केसीले बताए ।

स्वास्थ्य सेवामा पहुँच विस्तार, संस्थागत प्रसूतिको दर बढ्नु, जोखिममा परेका गर्भवती तथा सुत्केरीको हवाई उद्धार, सचेतना वृद्धि आदि कारणले पछिल्लो समय मातृ मृत्युका घटनामा पनि कमी आएको उनको भनाइ छ । विसं.२०७८ को जनगणनाको प्रतिवेदनले गण्डकी प्रदेशमा मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा एक सय ६२ रहेको देखाएको थियो । जनगणना हुँदाको वर्ष ४६ गर्भवती र सुत्केरीले मृत्युवरण गरेकामा गत आवमा उक्त संख्या १३ जनामा सीमित भएको महाशाखा प्रमुख डा.केसीले बताए । 'गण्डकी प्रदेश मातृ स्वास्थ्यको क्षेत्रमा दिगो विकास लक्ष्यले तोकेका लक्ष्य नजिक छ, थप सुधार र दिगोपनाका लागि राजनीतिक प्रतिबद्धता, लगानी वृद्धि, नागरिक सचेतना र तीनै तहका सरकारबीच समन्वय तथा सहकार्य जरुरी छ,' उनले भने,'असुरक्षित तबरले घरमै सुत्केरी हुने दरलाई शून्यमा झार्ने लक्ष्यसहित मन्त्रालयले प्रसूति केन्द्रको सबलीकरण र प्रसूति शल्यक्रिया सेवाको विस्तार गरेको छ ।'

हाल गण्डकी प्रदेशमा प्रसूति केन्द्रको संख्या तीन सय ६४ छ भने प्रदेशभित्र शल्यक्रियामार्फत प्रसूति गराउने अस्पताल १८ र जटिल अवस्थाको सुत्केरी गराउने स्वास्थ्य संस्था ५२ रहेका छन् । मनाङबाहेक सबै जिल्लामा शल्यक्रियामार्फत प्रसूति गराउने सेवा उपलब्ध छ । प्रदेश सरकारले जोखिममा परेका गर्भवती र सुत्केरीको निःशुल्क हवाई उद्धारसमेत गर्दै आएको छ । पछिल्लो पाँच वर्षमा जटिल अवस्थाका गर्भवती, सुत्केरी र नवशिशुको हवाई उद्धार गरी जीवनरक्षा गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । हवाई उद्धार सेवाले सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यका क्षेत्रमा महत्त्वपूर्ण योजना पुऱ्याएको हो ।

अठार घण्टा बढी प्रश्रव व्यथा चलेर बच्चा जन्माउन कठिनाइ भएमा, पाठेघरभन्दा बाहिर बच्चा रहेमा, गर्भमा नै शिशुको मृत्यु भएमा, गर्भवती अवस्थामा अत्यधिक शरीर सुन्निएमा, सुत्केरीपश्चात अत्यधिक रक्तश्राव भएको अवस्थामा हवाई उद्धार गरिँदै आएको छ । स्थानीयस्तरमा उपचार नहुने र तत्काल आकस्मिक व्यवस्थापन हुन नसकी ज्यान जोखिममा पर्ने अवस्थाका गर्भवती तथा सुत्केरीलाई हवाई उद्धार गर्ने गरिएको छ । रासस

## २८६२ औँ सोनाम ल्होसार मनाइँदै

बुटवल, पुस २८ (मेसस) । रुपन्देहीमा बसोबास गर्दै आएका तामाङ समुदायले आफ्नो मौलिक सांस्कृतिक पर्व २८६२ औँ सोनाम ल्होसार विविध कार्यक्रमसहित मनाउने भएका छन् । सर्प वर्गको बिदाइ गर्दै ता–ल्हो (घोडा वर्ग) मा प्रवेशको अवसरमा मनाइने तामाङ नयाँ वर्ष सोनाम ल्होसार नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति रुपन्देहीको आयोजनामा माघ ५ गते देवदह नगरपालिका–चरङे स्थित तामाङ गुम्बामा आयोजना हुने भएको हो । सोमबार बुटवलमा आयोजित पत्रकार सम्मेलनमा नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति रुपन्देहीका अध्यक्ष राजेश लामा (घिसिङ) ले विगतका वर्षभैँ यस वर्ष पनि सोनाम ल्होसारको अवसरमा बिहानैदेखि तामाङ मौलिक भेषभूषासहित झाँकी, ऱ्याली तथा चरङे बजार परिक्रमा गरिने जानकारी दिए । त्यसपछि धार्मिक पूजा, सांस्कृतिक नृत्य, गीत तथा विभिन्न सांस्कृतिक प्रस्तुति रहने उनले बताए ।

अध्यक्ष लामा अनुसार रुपन्देही जिल्लाभर छरिएर रहेका तामाङ समुदायलाई एकताबद्ध गर्दै आफ्नो भाषा, संस्कृति र पहिचान संरक्षण गर्नु संस्थाको मुख्य उद्देश्य हो । उनले सोनाम ल्होसार नेपालसहित विश्वका विभिन्न मुलुकमा रहेका तामाङ समुदायले आ–आफ्नो परम्पराअनुसार मनाउँदै आएको पर्व भएको उल्लेख गरे । कार्यक्रमका युवा संयोजक हसन्त लामाले आदिवासी जनजाति समुदायभित्र सांस्कृतिक रूपमा समृद्ध तामाङ समुदाय अन्य जिल्लाबाट आएर रुपन्देहीमा बसोबास गरिरहेको बताए । संख्या तुलनात्मक रूपमा कम भए पनि तामाङ समुदायले अन्य जातजातिसँग सद्भाव र सहकार्य गर्दै सामाजिक रूपमा एकताबद्ध भएर बस्दै आएको उनले उल्लेख गरे । उनले देवदह नगरपालिका–चरङे स्थित तामाङ गुम्बाको जग्गा व्यवस्थापनमा विगतदेखि नै समस्या रहँदै आएको भन्दै राज्यले सबै जातजातिलाई समान दृष्टिले हेर्नुपर्ने माग गरे । नेपाल तामाङ घेदुङका केन्द्रीय सदस्य वीरबहादुर घिसिङ लामाले जिल्लाभित्रका विभिन्न इकाइको समन्वयमा फरक–फरक स्थानमा ल्होसार मनाइँदै आए पनि यस वर्ष चरङे इकाइको आग्रहमा जिल्लाभरिका तामाङ समुदाय एकै स्थानमा भेला भएर पर्व मनाउन लागिएको जानकारी दिए । कार्यक्रममा लुम्बिनी प्रदेश अध्यक्ष वीरमान लामा, पूर्वअध्यक्ष कृष्णबहादुर मोक्तान तथा देवदह नगरपालिका चरङे समितिका अध्यक्ष निर्दोष घलानले ल्होसार तयारी, सांस्कृतिक संरक्षण र समुदायको भूमिकाबारे आफ्ना धारणा राखेका थिए । नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति रुपन्देहीका सचिव शम्भु मोक्तानका अनुसार हाल रुपन्देही जिल्लामा तामाङ समुदायका करिब १३५ घरधुरी बसोबास गर्दै आएका छन् ।



### बुटवल उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही, लुम्बिनी प्रदेश

**तिनाउ र दानाब नदीको प्रारम्भिक वातावरण अध्ययन (IEE) कार्यको प्रस्ताव माग सम्बन्धी सूचना**

सूचना प्रकाशित मितिः २०८२।०९।२९

बुटवल उपमहानगरपालिका वडा नं. ११, १७ (तिनाउ खोला) र वडा नं. १२, १३, १४ र १५ (दानब) भएर बग्ने तिनाउ र दानव खोला/नदीको बगर क्षेत्रवाट नदीजन्य समाग्रीको उत्खनन र विकी प्रयोजनका लागि प्रारम्भिक वातावरण अध्ययन गरि प्रतिवेदन तयार गर्नुपर्ने भएकाले बुटवल उपमहानगरपालिकामा सुचिकृत भएका योग्य परामर्शदाताहरु मार्फत सूचना प्रकाशन भएको मितिले ७ दिनभित्रमा प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नका लागि यो सूचना जारी गरिएको छ । यस कार्य सम्बन्धि कार्यसूची (TOR) यस कार्यलयको website: www.butwalmun.gov.np बाट प्राप्त गर्न सकिने छ । रितपूर्वक दर्ता भएका प्रस्तावहरूको प्राविधिक/आर्थिक प्रस्ताव मिति २०८२।१०।०६ गते दिनको १ बजे यसै कार्यलयमा खोलिने जानकारी गराइन्छ ।

| १) प्राविधिक प्रस्तावमा निम्नानुसारको विवरण संलग्न गर्नु पर्छ । | २) आर्थिक प्रस्तावमा निम्नानुसारको विवरण संलग्न गर्नु पर्छ । |
|---|---|
| ● परामर्शदाताको कर दर्ता प्रमाणपत्र, फर्म वा कम्पनिको विवरण ।<br>● प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण । | ● परामर्शदाताले आर्थिक प्रस्तावमा BOQ विवरण संलग्न गर्नु पर्छ ।<br>● आर्थिक प्रस्तावमा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । |

प्रमुख प्रशासकीय अधिकृत

### बोलपत्र द्वारा काठ/दाउरा कटान मुछान तथा घाटगद्दी सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/०९/२९ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/२०८३ मा सव कम्पार्टमेन्ट C1S1 मा पुनरुत्पादन कटान र पुनरुत्पादन कटान प्लट बाहेक अन्य सव कम्पार्टमेन्टहरुमा रहेका ढलापडा रुखहरु गरी साल, असना, जामुन लगायतका ४४४ गोटा रुखहरु नियमानुसार छपान भई १६३२९.८५ क्यू. फिट काठ र २८.६६ चट्टा दाउरा (कटान पश्चात घटबढ हुन सक्ने) मुल्यांकन भएकोमा उल्लेखित परिमाण घटाघटमा कटान मुछान, संकलन र घाटगद्दी गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम मूल्य अभिवृद्धी करमा दर्ता भइ नविकरण भएका र डिभिजन वन कार्यालयमा सुचिकृत भएका इच्छुक काष्ठ व्यवसायी, व्यक्ती, संघसंस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनमा अपरान्ह १२:०० बजे भित्र सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई अनुरोध छ ।

**श्री अशोक सामुदायिक वन उपभोक्ता समुह**
राप्ती सोनारी–२, कचनापुर, बाँके

### +२ को माइग्रेशन सर्टिफिकेट हराएको सुचना

मेरो निम्न व्यहोराको +२ को माइग्रेशन सर्टिफिकेट मिति २०८२।०८।०५ गते बुटवलदेखि भैरहवातर्फ जाँदै गर्दा हराएको हुनाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

नाम: प्रकृति न्यौपाने ठेगाना : तिलोत्तमा-५, रूपन्देही
विद्यालय: कालिका मानवज्ञान मा.वि., बुटवल-१०
रजिष्ट्रेशन नं.: ८०५४९०४७०९७१
सम्पर्क नं.: ९८६७५५८३०७

### पाथिभरा बचत तथा ऋण सहकारी संस्था लि.को कर्जा चुक्ता गर्ने बारे १५ दिने अत्यन्त जरुरी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८२/०९/२९ गते

यस संस्थाको कार्यलयबाट तपशिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम यस संस्थासंग गर्नु भएको सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस सहकारीबाट पटक–पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत तपाई ऋणी तथा जमानतकर्ताहरूले सोको पूर्ण वेवास्ता गरी कर्जा नियमित नगर्नु भएको र बक्यौता रकम चुक्ता फर्चौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले तेस्रो पटक यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यसै सूचनाद्वारा तपाई ऋणीबाट सम्पूर्ण कर्जा फिर्ता भुक्तानी भाग गरिएको छ । यस संस्थाको कार्यलयमा सम्पर्क राखी यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको यस संस्थाको सम्पूर्ण रकम चुक्ता फर्चोट गर्न गराउनका लागि सम्बन्धित ऋणी धितो सुरक्षण धनी तथा व्यक्तिगत जमानतकर्ताहरु समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । यो सूचना समेतको .बेवास्ता गरी उल्लेखित समयावधिभित्र यस सहकारीको सम्पूर्ण रकम चुक्ता फर्चौट नगर्नु भएको खण्डमा तपाई ऋणी, जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंक तथा सहकारी विभागबाट जारी निर्देशन २०८२ बमोजिम कालो सूचीमा समावेश गराइने, कर्जाको सुरक्षणबापत धितोमा रहेका तपशिल बमोजिमका सम्पत्तिहरू सहकारी निर्देशन २०८२ बमोजिम र प्रचलित कानून बमोजिम लिलाम बिक्रि वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिहरूबाट संस्थाको सम्पूर्ण कर्जा चुक्ता नभएको खण्डमा वहा ऋणी तथा जमानतकर्ताहरुको समेत घरघराना तथा अन्य जायजेथाबाट असुल उपर गरिने छ ।

तपसिल

**संस्था : पाथिभरा बचत तथा ऋण सहकारी संस्था लि. सिनपा-८**

| ऋणीको नाम ठेगाना | जग्गा तथा जग्गाधनीको विवरण |
|---|---|
| १. दिलिप कुमार नापीत<br>ना.प्र.नं.: २३३६<br>जारी मिति : २०५१/०८/१४<br>स्थायी ठेगाना : सिनपा–८<br>हालको ठेगाना : सिनपा–८<br>पिताको नामः राम सागर नापीत<br>बाजेको नाम : शुख सागर नापीत<br>कर्जाको किसिम : ब्यवसायिक | धर्मागत उपाध्यायको नातिनी लेखराम शर्माको छोरी दिलिप कुमार नापितको पत्नी श्री कविता शर्माको नाममा रहेको रूपन्देही भैरहवा मालपोत कार्यलयमा दर्ता कायम रहेको जिल्ला रुपन्देही साबिक टिकुलीगढ हाल तिनपा वडा नं. १३ स्थित कित्ता नं. ९घ ४६३ को क्षेत्रफल (०–१–१५) जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**पाथिभरा बचत तथा ऋण सहकारी संस्था लि.**
सिनपा–८, रुपन्देही

### Bardaghat Municipality
**Office of the Municipal Executive**
Bardaghat, Nawalparasi (Ba. Su. West), Lumbini Province, Nepal

**INVITATION FOR BIDS (EBIDDING ONLY)**

Publication Date: 2026/01/13 (29th of Poush, 2082 BS)

1. Bardaghat Municipality, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the following work.

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT & Contingencies | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | BAR/SQ/ Works/25 /082/083 | Procurement of Construction of Compound wall of Makar Health Post, Bardaghat-05 | 45/75 days | 12,87,379.43 | 37,500 | 1,000 |
| 2 | BAR/SQ/ Works/24 /082/083 | Procurement of Construction completion works of incomplete building at ward no.16 of Bardaghat Municipality | 45/75 days | 16,24,895.84 | 48,000 | 1,000 |

| Account No. for bid document purchase fee: | Account No. for bid security deposit: |
|---|---|
| Name of Bank: **NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi**<br>Name of Office: **Bardaghat Municipality, Bardaghat**<br>Account Number (Antarik Rajaswo): **832050028211002** | Name of Bank: **NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi**<br>Name of Office: **Bardaghat Municipality, Bardaghat**<br>Account Number (Dharauti Khata):**8341498482524004** |
| **Deadline of bid submission**<br>2026/01/28 till 12:00 Noon | **Date and time of bid opening**<br>2026/01/28 at 1:00 PM |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com , Tel: 078-580210, 078-580407.

**Chief Administrative Officer**

### Devdaha Municipality
**Office of the Municipal Executive**
Kerwani, Rupandehi, Lumbini Province, Nepal

**Invitation for Electronic Bids**

**First Date of publication: January 13, 2026**

1. **Devdaha Municipality** invites electronic bids from Nepalese eligible bidders for the construction of **Boundary Wall** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Devdaha Municipality Office, Kerwani, Rupandehi, Phone No. +977-9857011365 and Email address infra@devdahamun.gov.np** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of each bidding document fee **NRs. 3000.00** in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **NIC ASIA Bank**
   Name of Account: **GA 1.1 – Antarik Rajashwa Khata–Devdaha Nagarpalika**
   Account no.: **01520029572002**
4. Pre-bid meeting shall be held at **Devdaha Municipality, Kerwani, Rupandehi** at **13:00** on **February 2, 2026.**
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 February 13, 2026.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 on February 13, 2026** at the office of **Devdaha Municipality office, Kerwani, Rupandehi.**
7. Bids must be valid for a period of **90 days** from the bid submission deadline and must be accompanied by a bid security amounting as mentioned below which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contract is as follow:

| IFB No. | Description of Work | Estimated Amount (Exclusive VAT & Contingency) | Bid Security Amount |
|---|---|---|---|
| DM/BW/ NCB-14/082/83 | Construction of Boundary wall in Municipality Office, Devdaha- 4 | NRs. 34,04,109.80 | NRs. 90,000.00 |

**Chief Administrative Officer**